Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ४५ | वि.सं. २०८३ जेठ १४ बिहीवार | नेपाल संवत: ११४५, ज्येष्ठ शुक्ल द्वादशी | Thursday 28 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# साइनबोर्डमा स्थापना भएको सुर्खेत मेडिकल कलेज खारेजीको चरणमा

**सुर्खेत मेडिकल कलेज स्थापनाको चर्चा चलेसँगै कमजोर कर्णालीको स्वास्थ्य पूर्वाधार र जनशक्ति अभावबीचको खाडल पुर्ने अपेक्षा यहाँका नागरिकले गरेका थिए । तर, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको बहुमत सरकारले कर्णालीका लागि रणनैतिक महत्व बन्न सक्ने आयोजनालाई अघि बढाउनुको साटो खारेज गर्ने प्रक्रिया थालेको छ ।**

> “आर्थिक वर्ष २०८०/८१ मा आयोजनाको डीपीआर निर्माण गर्न संघीय सरकारले चार करोड बढी रकमको व्यवस्थापन गरेको थियो ।

**ओम शाही**
**सुर्खेत, १३ जेठ ।**

संघीय सरकारको आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यको बुँदा नम्बर २२४ मा सबै नागरिकलाई शिक्षा र स्वास्थ्यको पहुँचमा पुऱ्याउन ‘एक प्रदेश एक मेडिकल कलेज’ को अवधारणा अघि सऱ्यो । सरकारको सोही अवधारणा अनुसार मधेश प्रदेशको महोत्तरीको बर्दिबास, लुम्बिनीको बुटवल र कर्णाली प्रदेशको सुर्खेतमा मेडिकल कलेज स्थापनाका महत्वाकांक्षी योजना अघि सारिए ।

संघीय सरकारको योजना अनुरुप वीरेन्द्रनगरमा ३ फागुन २०७५ मा मेडिकल कलेज स्थापनार्थ पूर्वाधार निर्माण विकास आयोजना स्वीकृत भएको थियो । सोहीअनुसार आयोजना कार्यान्वयन गर्न भन्दै घोषणा भएको तीन वर्षपछि अर्थात् १९ जेठ २०७६ मा सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-७, मा सुर्खेत मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना स्थापना गरिएको थियो । तर, कार्यालय स्थापना भएको सात वर्ष बितिसक्दा साइनबोर्ड झुन्ड्याउनुबाहेक केही प्रगति हुन नसकेको आयोजना अन्ततः खारेजीको चरणमा पुगेको छ ।

अनुत्पादक, दोहोरो कार्यक्षेत्र र अनाश्वयक वित्तीय भार पर्ने देखिएको भन्दै सरकारले सुर्खेत, रुपन्देही र बर्दिवास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना खारेज गर्ने निर्णय गरेको हो ।




## यस्तो थियो शिक्षण अस्पतालको परिकल्पना

कर्णाली प्रदेशको जनस्तरसम्म स्वास्थ्य शिक्षा र सेवाको पहुँच विस्तार गरी स्वस्थ नागरिक तथा समृद्धि हासिल गर्नु, समाज निर्माणमा योगदान पुऱ्याउनु, स्वास्थ्य शिक्षा र सेवाको पहुँच विस्तार गर्न मेडिकल कलेजको स्थापना गर्ने सुर्खेत मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनाको मुख्य उद्देश्य छ ।

मुलुकको संघीय स्वरुप र विविधतायुक्त भू-बनोटसमेतलाई दृष्टिगत गरी आम नागरिकलाई समन्यायिक किसिमले स्वास्थ्य, शिक्षा, सेवाको सरल र सहज पहुँच वृद्धि गर्न आवश्यक दक्ष जनशक्ति विकासको अवसर प्रदेशस्तरमै उपलब्ध गराई स्वास्थ्य शिक्षा र सेवाको सरल र सहज पहुँचबीचको असमानतालाई न्यूनीकरण गर्ने आयोजनाको लक्ष्य छ ।

जसअनुसार आयोजनाको गुरुयोजना निर्माण गर्ने, आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन गर्ने, ड्रोइङ/डिजाइन एवं इस्टिमेट (लागत) सहितको निर्माणसम्बन्धी विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्ने, मेडिकल कलेजको पूर्वाधार निर्माणसम्बन्धी काम गर्ने, वार्षिक बजेट कार्यक्रम तथा योजना तर्जुमा गर्ने र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने क्षेत्राधिकार कार्यालयलाई छ । तर, यी लक्ष्य तथा उद्देश्य पूरा गर्न आफ्ना क्षेत्राधिकारभित्र पर्ने कामलाई कार्यालयले अपेक्षित गति

बाँकी ३ पेजमा

सरकारी स्वामित्वमा रहेका संस्थाहरूले कहाँ कसरी के-कस्तो अवस्थामा काम गरिरहेका छन् भन्ने विषयमा अध्ययन गर्न सरकारद्वारा गठिन उच्चस्तरीय कार्यदलको सुझावका आधारमा ३० वैशाखको मन्त्रिपरिषद् बैठकले तीन मेडिकल कलेजहित २५ सरकारी स्वामित्वका संस्थाहरू खारेज गर्ने निर्णय गरेको हो ।

मन्त्रीपरिषद् बैठकले यस्ता संरचनाहरू खारेजी, एकीकरण, प्रदेश वा स्थानीय तहमा हस्तान्तरण र मितव्ययिता एवं प्रभावकारी रूपमा सञ्चालन गर्ने भनेको छ । संघीय सरकारको वार्षिक, नीति तथा कार्यक्रममा समावेश भएको एक दशक बित्नै लाग्दा हालसम्म आयोजना बन्ने क्षेत्र वीरेन्द्रनगर नगरपालिका ११ र १३ मा वातावरणीय प्रभाव मूल्यांकन सम्पन्न गरेको कार्यालय विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माणकै गोलचक्करमा छ ।

नौ वर्षदेखि सरकारको हरेक वर्षको नीति तथा कार्यक्रममा आयोजना दोहोरिएर आवश्यक बजेटको व्यवस्थापन भइरहने तर फिल्डस्तरमा खास प्रगति नहुनुले आयोजना कार्यान्वयन गर्न स्थापना गरिएको कार्यालयको औचित्यमाथि नै प्रश्न उठ्न थालेको थियो ।

उक्त कार्यालयले आयोजना कार्यान्वयन पूर्व गरिने महत्वपूर्ण कामलाई तीव्रताका साथ अगाडि नबढाएको कार्यालयको वेबसाइडमा राखिएको प्रगति विवरणले प्रस्ट हुन्छ । यसमा मुख्य लगानी रहने संघीय सरकार र लाभ लिने प्रदेश सरकारले ध्यान नपुऱ्याउँदा बर्सेनि नीति तथा कार्यक्रममा समावेश हुँदै आएको भए पनि यहाँका नागरिक मेडिकल कलेज बन्नेमा आश्वस्त हुन छोडिसकेका छन् । आयोजनाले चार वर्ष लगाएर गुरुयोजना निर्माण गरी २९ असार २०७९ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा कार्यसम्पन्न प्रतिवेदन पेस गरी सचिवस्तरीय निर्णयबाट स्वीकृत गराएको थियो ।

त्यस्तै, पाँच वर्ष लगाएर तयार पारिएको आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (इआईए) २७ मंसिर २०८० मा वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको थियो । तर आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अझै तयार भइसकेको छैन ।

चार वर्ष लगाए तयार पारिएको डीपीआर कार्यालयले २७ भदौ २०८० मा स्वीकृतिका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पेस गरेको थियो । तर, १३ फागुन २०८० को सचिवस्तरीय बैठकले प्रस्ताव नै रद्द गरिदिएको थियो ।

आर्थिक वर्ष २०८०/८१ मा आयोजनाको डीपीआर निर्माण गर्न संघीय सरकारले चार करोड बढी रकमको व्यवस्थापन गरेको थियो । प्रस्ताव रद्द भएसँगै उक्त रकम पनि फ्रिज हुन पुगेको थियो । गत आर्थिक वर्ष २०८१/८२ मा आयोजनाका लागि एक लाख रुपैयाँ मात्र पूँजिगत बजेट थियो । डीपीआर नहुँदा कलेजलाई आवश्यक पर्ने जग्गासमेत प्राप्त नभएको अवस्था छ । आयोजनाको गुरुयोजना अनुसार मेडिकल कलेजको लागत १८ अर्ब रुपैयाँ लाग्ने पूर्वानुमान छ ।

# राप्ती नदीमा ५ सय मिटर लामो झोलुङ्गे पुल बन्ने

**सरला सुवेदी**
**बाँके, १३ जेठ ।**



बाँकेको डुडुवा गाउँपालिका र राप्तीसोनारी गाउँपालिका-७ लाई जोड्ने राप्ती नदीमा बहुप्रतिक्षित झोलुङ्गे पुल निर्माण हुने भएको छ । वर्षौंदेखि डुंगामार्फत जोखिमपूर्ण यात्रा गर्न बाध्य स्थानीयवासीका लागि यो योजना ठूलो राहतको रूपमा हेरिएको छ ।

राप्तीसोनारी गाउँपालिका-७ अन्तर्गत फरेदा, पिप्रहवा, देउपुरुवा लगायतका बस्ती तथा डुडुवा गाउँपालिका-१ का बालुपुरुवा, चौफेरी क्षेत्रलाई जोड्ने गरी करिब १५ करोड रुपैयाँ लागतमा ५ सय मिटर लामो मल्टी स्पान सस्पेन्सन झोलुङ्गे पुल निर्माण गर्न लागिएको हो ।

पुल अभावमा स्थानीयले लामो समयदेखि राप्ती नदी डुंगाबाट तर्दै आएका छन् । विशेषगरी वर्षायाममा नदीमा पानीको बहाव बढेपछि आवतजावत निकै जोखिमपूर्ण बन्ने गरेको स्थानीय बताउँछन् । कतिपय अवस्थामा नदी तर्ने क्रममा दुर्घटनासमेत हुने गरेको उनीहरूको अनुभव छ ।

स्थानीयवासी हरिराम थारुले पुल निर्माणको प्रक्रिया अघि बढेसँगै आफूहरूमा आशा पलाएको बताए । “वर्षौंदेखि डुंगामा ज्यान जोखिममा राखेर नदी तर्दै आएका छौं । बिरामी परेका बेला झन् ठूलो समस्या हुन्थ्यो । अब पुल बनेपछि बालबालिकादेखि वृद्धसम्मलाई सहज हुने भएको छ,” उनले भने ।

त्यस्तै, स्थानीय महिला सीता चौधरीले पुल निर्माणले शिक्षा, स्वास्थ्य र व्यापार व्यवसायमा सकारात्मक प्रभाव पार्ने बताइन् । “विद्यार्थीलाई विद्यालय जान सजिलो हुन्छ, किसानले उत्पादन बजारसम्म पुऱ्याउन सहज हुन्छ । वर्षायाममा नदीका कारण गाउँ

बाँकी ३ पेजमा

# मानव अधिकार आयोगले मनायो स्थापना दिवस

**युग संवाददाता**
**सुर्खेत, १३ जेठ ।**

राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालय सुर्खेतले आफ्ना स्थापनाको २६ औं वार्षिकोत्सव मनाएको छ । बुधबार वार्षिकोत्सवको अवसरमा आयोगले शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको हो ।

शुभकामना आदान प्रदान कार्यक्रमका सहभागि संघ र प्रदेश सरकार मातहत निकायका प्रमुख तथा अन्य संघसंस्थाका प्रतिनिधिहरुले आयोगले गरेका काम कारबाहीको समिक्षा गर्दै विभिन्न सुझाव तथा

बाँकी ३ पेजमा

## डढेलोबाट जोगिऔं र जोगाऔं ।

- सुख्खायाम सुरु भएसँगै यस प्रदेशका विभिन्न जिल्लाहरुमा डढेलोका घटनाहरु वृद्धि हुने गर्दछ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,
- जथाभावी रुपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
- चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं,
- वन डढेलो लगाउनु प्रचलित कानून बमोजिम दण्डनीय कार्य भएकोले वन डढेलो लाग्ने कुनैपनि कार्य नगर्न र कोही कसैलाई गर्न नदिन अनुरोध छ ।
- वन डढेलोका घटनाहरु देखेमा सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय तथा सुरक्षा निकायहरुलाई तत्काल जानकारी गराउनु हुनको लागि समेत अनुरोध छ ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP



## सम्पादकीय....

# असारमा बजेट सार्ने प्रवृतिको अन्त्य गर !

कर्णाली प्रदेश सरकारले हरेक वर्ष आफ्नो नीति तथा कार्यक्रममा एउटा प्रतिबद्धता दोहोर्‍याउँदै आएको छ–असार महिनामा रकमान्तर नगर्ने । आर्थिक वर्षको अन्त्यमा हतार-हतार बजेट सार्ने, टुक्र्याउने र खर्च देखाउने प्रवृत्तिले वित्तीय अनुशासन कमजोर बनाउने भन्दै सरकारले यस्तो नीति लिने गरेको हो । तर, विडम्बना नीति र व्यवहारबीचको दूरी भने झन् बढ्दो छ। महालेखापरीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको कर्णाली प्रदेश सरकारको वित्तीय लेखाजोखाको आठौं प्रतिवेदनले वित्तिय अनुशासनमा प्रश्नै प्रश्न उठाएको छ । कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २० ले विनियोजन ऐन बमोजिम १० प्रतिशतको सीमाभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था गरेको छ। तर, यो कानुनी प्रावधान आवश्यक व्यवस्थापनका लागि हो, बर्षान्तमा बजेट व्यवस्थापनको अस्वस्थ अभ्यासलाई वैधानिकता दिनका लागि होइन । आर्थिक वर्ष २०८१/०८२ को कुल बजेट ३१ अर्ब ५१ करोड ५१ हजार रुपैयाँमध्ये अर्थ मन्त्रालयले अर्थ विविधको चालु खर्चतर्फ विनियोजन भएको ८० करोड तथा पूँजीगततर्फको एक अर्ब ५० करोड गरी दुई अर्ब ३० करोडमध्ये एक अर्ब ५३ करोड ४९ लाख ११ हजार रुपैयाँ थपघट गरेको तथ्यांकले वित्तीय व्यवस्थापनमा गम्भीर प्रश्न उठाएको छ। अझ चिन्ताको विषय त के छ भने कुल रकमान्तरमध्ये ६.३१ प्रतिशत अर्थात नौ करोड ६८ लाख २१ हजार रुपैयाँ असार महिनामै रकमान्तर गरिएको छ।

यो केवल प्राविधिक कमजोरी होइन, वित्तीय अनुशासनमाथिको प्रत्यक्ष चुनौती हो। बजेट विनियोजनको मूल उद्देश्य योजनाबद्ध विकास र निर्धारित समयमै कार्यान्वयन हो। तर, आर्थिक वर्षभर योजना कार्यान्वयनमा सुस्तता देखाउने र अन्तिम महिनामा बजेट सारेर खर्च देखाउने प्रवृत्तिले विकासलाई परिणाममुखी होइन, कागजी बनाइरहेको छ। महालेखापरीक्षकले बर्षेनी अर्थ विविध शिर्षकमा एकमुष्ट बजेट राखेर बर्षान्तमा अन्य कार्यक्रममा सार्ने प्रवृत्ति नियन्त्रण गर्न सुझाव दिँदै आएको छ। तर, प्रदेश सरकार भने सुझाव सुन्नेभन्दा दोहोर्‍याएर उही गल्ती गर्न अभ्यस्त देखिन्छ। प्रदेश सरकारले आफैं स्वीकार गरेको छ कि बजेट योजना यथार्थपरक नहुनु, आयोजना कार्यान्वयन ढिलो हुनु, खरिद प्रक्रिया समयमै पूरा नहुनु तथा वर्षान्तमा खर्च देखाउने दबाबका कारण असारमा रकमान्तर गर्नुपरेको हो । तर, यी कारण स्वयंमा सरकारको कार्यक्षमता र प्रशासनिक कमजोरीका प्रमाण हुन्। यदि योजना तयारीदेखि खरिद प्रक्रिया र कार्यान्वयनसम्म समयमै काम भएको भए असारमा बजेट सार्नुपर्ने अवस्था नै आउदैन। कर्णाली प्रदेशमा असारे विकासको संस्कृति अझै बलियो देखिन्छ।

बार्षिक विकास बजेटको ठूलो हिस्सा असार मसान्तमा खर्च हुने प्रवृत्तिले विकास निर्माणको गुणस्तरमाथि नै प्रश्न उठाएको छ। हतारमा गरिने खर्च न त प्रभावकारी हुन्छ, न त पारदर्शी। यसले भ्रष्टाचारको जोखिम बढाउँछ, योजनाको गुणस्तर घटाउँछ र जनताको करबाट संकलित स्रोतको दुरुपयोगलाई प्रोत्साहन गर्छ। महालेखाको प्रतिवेदनले विभिन्न मन्त्रालयमा भएको रकमान्तरको अवस्था पनि उदांगो बनाएको छ। वित्तीय अनुशासन भनेको कानुनी सीमाभित्र रहेर खर्च गर्नु मात्र होइन, योजनाबद्ध, पारदर्शी र परिणाममुखी ढंगले सार्वजनिक स्रोतको उपयोग गर्नु पनि हो। असारमा हुने रकमान्तर र असारे खर्चले यही अनुशासन कमजोर बनाइरहेको छ। यदि प्रदेश सरकारले साँच्चिकै वित्तीय सुशासन स्थापित गर्न चाहन्छ भने नीति दस्तावेजमा प्रतिबद्धता लेखेर मात्र पुग्दैन, त्यसलाई व्यवहारमा उतार्न सक्नुपर्छ। प्रभावकारी वार्षिक कार्ययोजना, समयमै खरिद प्रक्रिया, नियमित अनुगमन र उत्तरदायित्वको कडाइबिना यो समस्या समाधान हुँदैन। अन्यथा, हरेक वर्ष असारमा रकमान्तर नगर्ने घोषणा केवल औपचारिक वाक्यमा सीमित रहनेछ, व्यवहारमा भने असारे प्रवृत्ति झन् संस्थागत हुँदै जानेछ।

## विश्व

### नयाँ ब्याट्री प्रविधिमा चीनको फड्को:

# बीवाईडीले दर्ता गर्‍यो सोलिड-स्टेट ब्याट्रीको नयाँ पेटेन्ट

**चाइना, १३ जेठ ।**
चिनियाँ ब्याट्री उद्योगले सन् २०२७ सम्ममा सोलिड-स्टेट ब्याट्रीको प्रारम्भिक उत्पादन सुरु गर्ने तयारी गरिरहँदा अग्रणी कम्पनी बीवाईडीले ब्याट्रीको सञ्चालन क्षमता र मजबुती बढाउने नयाँ प्रविधिको पेटेन्ट दर्ता गराएको छ।

काठमाडौँ । विद्युतीय सवारीसाधन निर्माता कम्पनी बीवाईडीले सोलिड-स्टेट ब्याट्रीका लागि प्रयोग हुने एउटा नयाँ प्रविधिको पेटेन्ट दर्ता गराएको छ। चिनियाँ सञ्चारमाध्यम सिनाका अनुसार चीनको सम्पूर्ण ब्याट्री उद्योग नै सल्फाइडमा आधारित सोलिड-स्टेट ब्याट्रीको विकासमा लागिपरेका बेला बीवाईडीको यो नयाँ कदम बाहिर आएको हो।

चीनको राष्ट्रिय बौद्धिक सम्पत्ति प्रशासनले प्रकाशन गरेको विवरण अनुसार यो पेटेन्ट ‘कम्पोजिट सोलिड इलेक्ट्रोलाइट मेम्ब्रेन’ र यसको निर्माण विधि, सोलिड-स्टेट ब्याट्री तथा ब्याट्री प्याकसँग सम्बन्धित छ।

यस प्रविधिमा साना र ठूला दुवै प्रकारका इनअर्गानिक सोलिड इलेक्ट्रोलाइट कणहरूलाई पोलिमर इलेक्ट्रोलाइट फाइबर नेटवर्कको लेपनसँग मिसाइएको हुन्छ। यो विशेष संरचनाले ब्याट्रीभित्र रहने इलेक्ट्रोलाइट मेम्ब्रेनको आयोनिक चालकता र मेकानिकल शक्तिमा सुधार ल्याउने दाबी गरिएको छ।

यद्यपि यस पेटेन्ट कागजातमा ब्याट्रीको ऊर्जा घनत्व, चार्जिङ क्षमता, यसको आयु, उत्पादन लागत वा व्यावसायिक उत्पादनको निश्चित समय तालिकबारे भने केही खुलाइएको छैन।

गत अप्रिल महिनामा बीवाईडीका मुख्य वैज्ञानिक लियान युबोले कम्पनीको सोलिड-स्टेट ब्याट्री विकास कार्य एउटा महत्त्वपूर्ण मोडमा पुगेको बताएका थिए। तर यसको व्यावसायिक उत्पादनमा अझै पनि इन्जिनियरिङ जटिलता, लागत नियन्त्रण र उत्पादनको गुणस्तर कायम राख्ने जस्ता चुनौतीहरू बाँकी नै रहेको उनको भनाइ थियो।

उनले उद्योगहरूले ब्याट्रीका साना सेलहरू मात्र सुधार्नुको सट्टा यसको समग्र प्रणाली विकासमा ध्यान दिनुपर्ने सुझाव दिएका थिए। बीवाईडीले यसअघि सन् २०२७ को आसपासमा यस प्रविधिको प्रारम्भिक उत्पादन सुरु गर्ने र १० हजार पटकसम्म चार्ज गर्न सकिने तेस्रो पुस्ताको सोडियम-आयन ब्याट्री विकास गर्ने योजना सार्वजनिक गरेको थियो।

### नेपालको ऊर्जा छलाङ :

# उत्पादनबाट उपभोग, निर्यातबाट औद्योगिकीकरणतर्फ



मीरेश अधिकारी

नेपाल लामो समयसम्म ऊर्जा अभाव, लोडसेडिङ र आयातित इन्धनमाथिको निर्भरताबाट चिनिएको देश हो।

केही वर्षअघिसम्म उद्योग बन्द हुने, घरधन्दा प्रभावित हुने, विद्यार्थीले बत्तीको प्रतीक्षा गर्नुपर्ने र सहरको गति नै बिजुलीको तालिकाले निर्धारण गर्ने अवस्था थियो। तर आज परिस्थिति बदलिएको छ। नेपाल विद्युत् उत्पादनमा आत्मविश्वास हासिल गर्दैछ। जलविद्युत् आयोजनाहरू निर्माण भइरहेका छन्, सौर्य ऊर्जातर्फ आकर्षण बढिरहेको छ, निजी क्षेत्रको लगानी उत्साहजनक छ र देश विद्युत् निर्यातको प्रारम्भिक चरणमा प्रवेश गरिसकेको छ।

तर ऊर्जा विकासको यात्रा केवल उत्पादन बढाउने यात्रामा सीमित रहनु हुँदैन। अबको मूल प्रश्न हो–नेपालले बिजुली उत्पादन मात्र गर्ने कि बिजुलीलाई अर्थतन्त्र निर्माणको आधार बनाउने? यही प्रश्नले आजको ऊर्जा बहसलाई उत्पादनबाट उपभोग, निर्यातबाट औद्योगिकीकरण र विद्युत् उपलब्धताबाट राष्ट्रिय समृद्धितर्फ मोड्नुपर्ने आवश्यकता देखाएको छ।

नेपालले बिजुली उत्पादन गर्न सिकिसकेको छ। अब नेपालले बिजुली खपत गरेर अर्थतन्त्र निर्माण गर्न सिक्नुपर्छ।

### उत्पादनको सफलता, तर उपभोगको चुनौती

नेपालको ऊर्जा क्षेत्रमा पछिल्ला वर्षहरूमा भएको प्रगति निश्चय नै उत्साहजनक छ। निजी क्षेत्रको लगानी, बैंक तथा वित्तीय संस्थाहरूको सहभागिता, प्राविधिक क्षमताको विकास र सरकारी नीतिगत पहलले देशलाई ऊर्जा उत्पादनको नयाँ चरणमा पुर्‍याएको छ। आज नेपालसँग ऊर्जालाई राष्ट्रिय आर्थिक छलाङको मुख्य साधन बनाउने अवसर छ। तर अवसरसँगै चुनौती पनि छ। वर्षायाममा विद्युत् उत्पादन बढ्दा देशभित्र पूर्ण रूपमा खपत हुन नसक्ने अवस्था देखिन थालेको छ भने हिउँदमा उत्पादन घट्दा आयातको आवश्यकता पर्छ। यसले नेपालको ऊर्जा प्रणाली अझै सन्तुलित, लचिलो र बजार मुखी बन्न बाँकी रहेको संकेत गर्छ।

ऊर्जा उत्पादन बढ्नु आफैंमा उपलब्धि हो, तर उत्पादित विद्युत् देशभित्रै उद्योग, यातायात, घरायसी प्रयोग, कृषि, पर्यटन, डिजिटल अर्थतन्त्र र सेवा क्षेत्रमा प्रभावकारी रूपमा प्रयोग हुन सकेन भने यसको पूर्ण आर्थिक मूल्य सिर्जना हुन सक्दैन। बिजुली नदीबाट निस्केर प्रसारण लाइनमा पुग्नु पहिलो चरण हो; त्यो बिजुली कारखाना, भान्सा, सवारी साधन, होटल, डाटा सेन्टर, कोल्ड स्टोर, सिँचाइ पम्प र साना उद्यमसम्म पुग्नु वास्तविक रूपान्तरण हो।

### बिजुली बेच्ने मात्र होइन, बिजुलीबाट मूल्य सिर्जना गर्ने

नेपालमा ऊर्जा निर्यातको सम्भावना ठूलो छ। भारत, बंगलादेश र क्षेत्रीय बजारतर्फ विद्युत् व्यापारको ढोका खुल्दै जानु सकारात्मक संकेत हो। निर्यातले विदेशी मुद्रा आर्जन गर्न सक्छ, विद्युत् बजार विस्तार गर्न सक्छ र लगानीकर्ताको आत्मविश्वास बढाउन सक्छ।

तर दीर्घकालीन राष्ट्रिय हितको दृष्टिले नेपालले बिजुली केवल कच्चा वस्तुजस्तै बेच्ने सोचमा मात्र सीमित रहनु हुँदैन। बिजुली निर्यात गर्नु राम्रो हो, तर बिजुली प्रयोग गरेर उत्पादन, उद्योग, सेवा र रोजगारी सिर्जना गर्नु अझ राम्रो हो।

हामीले जलविद्युत्लाई केवल मेगावाटमा नाप्ने बानी परिवर्तन गर्नुपर्छ। अब बिजुलीलाई रोजगारी, उत्पादन क्षमता, निर्यातयोग्य वस्तु, औद्योगिक प्रतिस्पर्धा र नागरिकको जीवनस्तरका आधारमा पनि मूल्यांकन गर्नुपर्छ। एक मेगावाट विद्युत्ले कति उद्योग चलायो, कति रोजगारी सिर्जना गर्‍यो, कति डिजेल विस्थापित गर्‍यो, कति आयात घटायो र कति नयाँ आर्थिक गतिविधि जन्मायो भन्ने प्रश्न अब ऊर्जा नीतिको केन्द्रमा आउनुपर्छ।

### औद्योगिकीकरणको नयाँ आधार

नेपालको औद्योगिक विकास लामो समयदेखि ऊर्जा अभाव, महँगो उत्पादन लागत, पूर्वाधारको कमजोरी र सीमित बजारका कारण प्रभावित हुँदै आएको छ। तर अब स्वदेशमै उपलब्ध स्वच्छ बिजुलीले औद्योगिकीकरणको नयाँ ढोका खोल्न सक्छ।

सिमेन्ट, स्टिल, खाद्य प्रशोधन, कृषि-प्रशोधन, चिस्यान भण्डारण, होटल तथा पर्यटन, विद्युतीय यातायात, डाटा सेन्टर, सूचना प्रविधि, विद्युतीय उपकरण, हरित निर्माण सामग्री तथा रासायनिक र खनिज-आधारित उद्योगजस्ता क्षेत्रमा विद्युत् खपतको ठूलो सम्भावना छ। यी क्षेत्रहरूलाई विद्युत् उपलब्धता, स्थिर दर, विश्वसनीय प्रसारण प्रणाली र नीतिगत स्थिरता दिन सकिएमा नेपालले आयात प्रतिस्थापन मात्र होइन, निर्यातमुखी औद्योगिक आधार पनि निर्माण गर्न सक्छ।

विशेषगरी नेपालले जलविद्युत्लाई हरित औद्योगिकीकरणसँग जोड्नुपर्छ। आज विश्व बजारमा कार्बन फुटप्रिन्ट घटाउने, स्वच्छ ऊर्जा प्रयोग गर्ने र हरित उत्पादनलाई प्राथमिकता दिने प्रवृत्ति बढिरहेको छ। यस्तो अवस्थामा नेपालले आफ्ना उत्पादनहरूलाई “स्वच्छ ऊर्जाबाट उत्पादित” भनेर विश्व बजारमा प्रस्तुत गर्न सक्ने अवसर छ। यो केवल ऊर्जा नीति मात्र होइन, “ब्रान्ड नेपाल” निर्माण गर्ने रणनीति पनि हो।

### घरेलु उपभोगको क्रान्ति

ऊर्जा विकासको अर्को महत्वपूर्ण पक्ष घरायसी उपभोग हो। नेपाली घरहरू अझै पनि खाना पकाउन एलपी ग्यासमा निर्भर छन्। यातायात क्षेत्रमा पेट्रोलियम पदार्थको आयात उच्च छ। कृषि र साना व्यवसायमा पनि डिजेल, पेट्रोल वा परम्परागत ऊर्जा स्रोतको प्रयोग भइरहेको छ।

यदि घर-घरमा विद्युतीय चुलो, इन्डक्सन, विद्युतीय पानी तताउने प्रणाली, विद्युतीय उपकरण र ऊर्जा-कुशल प्रविधिको प्रयोग बढाउन सकियो भने यसले आयातित इन्धन घटाउन मद्दत गर्छ। यदि सार्वजनिक यातायात र निजी सवारी साधनमा विद्युतीय साधनहरूको प्रयोग बढ्यो भने पेट्रोलियम आयात घट्छ, वातावरणीय प्रदूषण कम हुन्छ र देशभित्र उत्पादित बिजुलीको बजार विस्तार हुन्छ।

तर उपभोग बढाउन केवल बिजुली उपलब्ध हुनु मात्र पर्याप्त छैन। नागरिकलाई व्यवहार परिवर्तनका लागि प्रेरित गर्नुपर्छ। विद्युत् दर संरचना, अनुदान, वित्तीय सुविधा, उपकरण उपलब्धता, मर्मत सेवा, जनचेतना र विश्वसनीय आपूर्ति–यी सबै पक्ष एकसाथ अघि बढ्नुपर्छ।

ऊर्जा उपभोगको संस्कृतिमा परिवर्तन ल्याउन सरकार, निजी क्षेत्र, बैंक, स्थानीय तह र सञ्चारमाध्यमहरूले साझा अभियान सञ्चालन गर्न आवश्यक छ। “बिजुली बचत” को पुरानो सोचसँगै अब “बिजुलीको बुद्धिमत्तापूर्ण उपयोग” को नयाँ सोच आवश्यक छ।

प्रसारण र वितरण : ऊर्जा छलाङको मेरुदण्ड

उत्पादन बढे पनि प्रसारण र वितरण प्रणाली बलियो भएन भने ऊर्जा विकासको गति रोकिन्छ। जलविद्युत् आयोजना निर्माण हुनु एक पक्ष हो, त्यो विद्युत् राष्ट्रिय ग्रिडमा जोडिनु अर्को पक्ष हो, र अन्ततः उपभोक्ता तथा उद्योगसम्म गुणस्तरीय रूपमा पुग्नु अझ महत्वपूर्ण पक्ष हो।

आज नेपालका धेरै आयोजनाहरू प्रसारण लाइन, सबस्टेसन, जग्गा प्राप्ति, वन स्वीकृति, वित्तीय व्यवस्थापन, पीपीए र नीतिगत ढिलाइजस्ता कारणले प्रभावित भएका छन्। यसले लगानीकर्ताको उत्साह कमजोर पार्छ र राष्ट्रिय लक्ष्य प्राप्तिमा ढिलाइ गराउँछ।

त्यसैले अब सरकारले आफ्नो सीमित स्रोत उत्पादनमा प्रतिस्पर्धा गर्न होइन, उत्पादनलाई बजारसम्म पुर्‍याउने प्रणालीमा केन्द्रित गर्नुपर्छ। प्रसारण लाइन, अन्तरदेशीय कनेक्टिभिटी, वितरण सुधार, स्मार्ट ग्रिड, भोल्टेज स्थिरता, औद्योगिक करिडोरमा विद्युत् उपलब्धता र ऊर्जा भण्डारणजस्ता क्षेत्रमा सरकारी प्राथमिकता आवश्यक छ।

निजी क्षेत्रलाई उत्पादनमा उत्साहित बनाउँदै सरकारले नीति, पूर्वाधार र बजारको सुनिश्चितता दिनुपर्छ। निजी क्षेत्रले पूँजी ल्याउँछ, आयोजना निर्माण गर्छ र जोखिम उठाउँछ। सरकारले बाटो खोलिदिनुपर्छ।

### नीतिगत गाँठो फुकाउने समय

नेपालको ऊर्जा क्षेत्रमा अब पैसाभन्दा पहिले नीति आवश्यक छ। लगानीकर्ता तयार छन्, बैंकहरू सहभागी छन्, प्रविधि उपलब्ध छ र बजार सम्भावना पनि छ। तर नीतिगत अस्पष्टता, ढिलाइ, निर्णयहीनता र प्रक्रियागत झन्झटले ऊर्जा क्षेत्रको गति कम गरिरहेको छ।

विद्युत् व्यापार अनुमति, ओपन एक्सेस, ह्विलिङ चार्ज, बैंक-योग्य पीपीए, निजी क्षेत्रको प्रसारणमा सहभागिता, विद्युत् खपत प्रोत्साहन, औद्योगिक दर नीति, सीमापार व्यापार र ऊर्जा बजार संरचनामा स्पष्टता आवश्यक छ।

सरकारले सबै काम आफैं गर्न खोज्ने होइन; सरकारले प्रणाली बनाउने हो, नियम स्पष्ट गर्ने हो, जोखिम कम गर्ने हो, बजार खोल्ने हो र लगानीलाई विश्वास दिने हो। ऊर्जा क्षेत्रको आगामी छलाङ प्रशासनिक नियन्त्रणबाट होइन, नीतिगत उदारता र उत्तरदायी साझेदारीबाट सम्भव हुन्छ।

### निर्यात र आन्तरिक खपतको सन्तुलन

नेपालले विद्युत् निर्यात गर्नुपर्छ, तर आन्तरिक खपतको मूल्यलाई कम आँक्नु हुँदैन। निर्यातले तत्काल आम्दानी दिन सक्छ, तर आन्तरिक खपतले दीर्घकालीन औद्योगिक आधार निर्माण गर्छ। निर्यातले विदेशी मुद्रा ल्याउँछ, तर औद्योगिकीकरणले रोजगारी, कर, उत्पादन, सीप, प्रविधि र राष्ट्रिय आत्मनिर्भरता निर्माण गर्छ।

त्यसैले ऊर्जा रणनीति दुई खुट्टामा उभिनुपर्छ– क्षेत्रीय विद्युत् व्यापार र घरेलु औद्योगिक खपत। यी दुई एकअर्काका विकल्प होइनन्, परिपूरक हुन्। वर्षायामको बढी उत्पादन निर्यात गर्न सकिन्छ, तर दीर्घकालीन रूपमा देशभित्र ठूलो खपत क्षमता निर्माण गर्नुपर्छ।

नेपालले भविष्यमा दक्षिण एसियाको ऊर्जा आपूर्तिकर्ता बन्न सक्छ। तर त्यसभन्दा पनि ठूलो सम्भावना भनेको स्वच्छ बिजुलीमा आधारित औद्योगिक राष्ट्र बन्नु हो।

### ऊर्जा आन्दोलनको आवश्यकता

ऊर्जा विषय केवल मन्त्रालय, प्राधिकरण, उत्पादक वा लगानीकर्ताको विषय मात्र रहेन। यो अब नागरिक, उद्योग, बैंक, स्थानीय सरकार, शैक्षिक संस्था, सञ्चारमाध्यम, यातायात व्यवसायी, घरपरिवार र युवाको साझा राष्ट्रिय एजेन्डा बन्नुपर्छ।

नेपालको ऊर्जा भविष्य केवल नीतिगत दस्तावेजबाट बन्दैन। यसका लागि राष्ट्रिय संवाद, साझा दृष्टिकोण, व्यावहारिक अभियान र निरन्तर जनसहभागिता आवश्यक छ। अब ऊर्जा बहसलाई प्राविधिक शब्दावलीबाट बाहिर निकालेर जनजीवन, रोजगारी, उद्योग, वातावरण र राष्ट्रिय गर्वसँग जोड्नुपर्छ।

नेपालको ऊर्जा छलाङ तब मात्र अर्थपूर्ण हुन्छ, जब गाउँको सानो उद्यमदेखि सहरको ठूलो उद्योगसम्म, विद्यार्थीको अध्ययनदेखि किसानको उत्पादनसम्म, घरको भान्सादेखि राष्ट्रिय निर्यातसम्म बिजुलीले जीवन परिवर्तन गर्न थाल्छ।

### निष्कर्ष : मेगावाटबाट अर्थतन्त्रतर्फ

नेपाल ऊर्जा इतिहासको निर्णायक मोडमा उभिएको छ। अब हामीले केवल कति मेगावाट उत्पादन भयो भन्ने प्रश्नबाट अगाडि बढेर त्यो बिजुलीले कति आर्थिक मूल्य सिर्जना गर्‍यो भन्ने प्रश्न सोध्नुपर्छ।

उत्पादन आवश्यक छ, तर उत्पादन मात्र पर्याप्त छैन। निर्यात आवश्यक छ, तर निर्यात मात्र अन्तिम लक्ष्य होइन। वास्तविक लक्ष्य हो– स्वदेशी बिजुलीबाट स्वदेशी उद्योग सञ्चालन हुनु, आयात घट्नु, रोजगारी बढ्नु, नागरिकको जीवन सहज हुनु, वातावरण स्वच्छ हुनु र नेपालले स्वच्छ ऊर्जामा आधारित नयाँ आर्थिक पहिचान निर्माण गर्नु। नेपालको ऊर्जा छलाङ अब बाँध र टर्बाइनमा मात्र सीमित रहनु हुँदैन। यो छलाङ भान्सामा, उद्योगमा, सडकमा, खेतमा, होटलमा, डाटा सेन्टरमा र युवाको भविष्यमा देखिनुपर्छ।

अबको दशक नेपालको ऊर्जा दशक बन्न सक्छ। तर त्यसका लागि बिजुली उत्पादनको यात्रालाई बिजुली उपभोगको संस्कृतिसँग, विद्युत् निर्यातलाई औद्योगिकीकरणसँग र ऊर्जा नीतिलाई राष्ट्रिय आर्थिक रूपान्तरणसँग जोड्नुपर्नेछ।

नेपालले अँध्यारोबाट उज्यालोतर्फ यात्रा गरिसकेको छ। अब उज्यालोबाट समृद्धितर्फ यात्रा गर्ने समय आएको छ। *(नागरिक)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| | |
|---|---|
| मेष | नियमले रोक्ने हुँदा लक्ष्यमा पुग्न अप्ठ्यारो पर्नेछ । अधिकारका लागि सजग रहनुपर्ला । प्रतिस्पर्धी बढ्नाले केही चुनौतीहरू देखिनेछन् । |
| वृष | शुभचिन्तकहरूको साथ प्राप्त हुनाले काममा उत्साह जाग्नेछ । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । पढाइको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । |
| मिथुन | आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन् । रोकिएका काम दोहोर्याउनुपर्ला । आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् । |
| कर्कट | बेलैमा होस नपुर्याउँदा केही चुनौती झेल्नुपर्ला । समयको प्रतिकूलताले काम बिग्रन सक्छ । परिश्रम परे पनि कम प्रतिफल प्राप्त हुनेछ । |
| सिंह | मेहनतले सम्मानित स्थान समेत दिलाउनेछ । मान-सम्मान प्राप्त हुनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । |
| कन्या | सहयोगीहरू प्रशस्तै भेटिनेछन् । रचनात्मक कार्य प्रारम्भ गर्ने समय छ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द पाइएला । |
| तुला | काममा अनायासै व्यवधान देखा पर्न सक्छ । भैपरी आउने खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ । फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला । |
| वृश्चिक | प्रयत्न गर्दा आयस्रोत बढाउन सकिनेछ । व्यापारमा अड्किएको रकम उठ्नेछ । भविष्यका लागि केही लगानी बढाउन सकिनेछ । |
| धनु | विभिन्न अवसर प्राप्त भए पनि नैतिक प्रतिष्ठा जोगाउन सजग रहनुपर्ला । परिस्थिति अनुकूल रहे पनि अरूका लागि बुद्धि खर्चनुपर्नेछ । |
| मकर | मिहिनेत गर्दा तारिफयोग्य काम सम्पादन हुनेछ । नयाँ जिम्मेवारी प्राप्त हुनेछ । व्यापार-व्यवसायमा पनि प्रशस्त फाइदा हुनेछ । |
| कुम्भ | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ । तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला । |
| मीन | माहोल रमाइलो रहनेछ । चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुने काम हातलागी हुन सक्छ अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । |

# कर्णालीमा बालविवाह भयावह, २१ प्रतिशत किशोरी २० वर्ष नपुग्दै हुन्छन् गर्भवती



**युग संवाददाता**
**सुर्खेत, १३ जेठ ।**

कर्णाली प्रदेशमा बालविवाहको अवस्था भयावह रहेको पाइएको छ। नेपालमा बालविवाह अन्त्यका लागि विभिन्न प्रयास भइरहे पनि कर्णाली प्रदेशमा त्यसको खासै प्रभाव परेको देखिएको छैन।

सबैभन्दा धैरै बालविवाह मधेस प्रदेशमा (४२.४ प्रतिशत) हुने गरेको छ। राष्ट्रिय मानव अधिकार आयोगका अनुसार, त्यसपछि कर्णालीमा १८ वर्ष नपुग्दै विवाह गर्ने बालिकाको संख्या ३७.९ प्रतिशत छ, जुन राष्ट्रिय औसत ३५.१ प्रतिशतभन्दा बढी हो।

बालकहरूको हकमा पनि ७ प्रतिशतले १८ वर्षअगावै विवाह गर्ने गरेका छन्। नेपालको कानुनले २० वर्ष उमेर पुगेपछि मात्र विवाह गर्न अनुमति दिन्छ।

कर्णालीमा किशोरी गर्भवती हुने दर पनि उच्च छ। राष्ट्रिय मानव अधिकार आयोगका सदस्यसचिव मुरारी प्रसाद खरेलले कर्णालीमा २१ प्रतिशत गर्भवती २० वर्ष मुनिका रहेका बताए। 'यो सबै प्रदेशको तुलनामा उच्च हो,' उनले भने, 'यसले मातृ मृत्युदर र प्रश्रव जटिलताको जोखिम बढाएको छ।'

आयोगका अनुसार, कर्णालीका

> 'जसका कारण बालविवाह मानवअधिकारको गम्भीर उल्लङ्घनको रूपमा स्थापित भएको छ।'

१० वटै जिल्लामा बालविवाहको अवस्था भयावह छ। कर्णालीमा गरिबीका कारण पनि चाँडै विवाह गर्ने गरेको आयोगको निष्कर्ष छ।

राष्ट्रिय मानव अधिकार आयोगले बालविवाहले मानव अधिकार उपभोगमा पारेको प्रभाव सम्बन्धमा गरेको राष्ट्रिय जाँचबुझका क्रममा बालविवाहका कारण कर्णालीका किशोरीहरूको प्रजनन स्वास्थ्य, शारीरिक स्वायत्तता र शिक्षाको अधिकार हनन भइरहेको पाइएको हो।

'सानै उमेरमा विवाह गरेका ४५.५ प्रतिशत महिलामा डिप्रेसनको लक्षण देखिने गरेको छ,' आयोगको प्रतिवेदनमा भनिएको छ, '२०-२४ वर्षका महिलाको तुलनामा १०-१४ वर्षका किशोरीहरूको प्रश्रव मृत्युदर पाँच गुणा बढी हुन्छ।'

आयोगले कर्णालीको सुर्खेतसहित विभिन्न जिल्लाका पालिकाहरूमा राष्ट्रिय जाँचबुझ र सार्वजनिक सुनुवाइ गरिरहेको छ। बालविवाह रोक्न कानुन र नीतिको प्रभावकारी कार्यान्वयनका लागि सरकार र सरोकारवालाहरूलाई जिम्मेवार बनाउन आयोगले अग्रसरता देखाएको आयोगका अधिकारीले बताएका छन्।

**सामाजिक, आर्थिक तथा परम्परागत कारणले बालविवाह**

मानव अधिकार आयोगले मंगलबार वीरेन्द्रनगरमा 'बालविवाहको अन्त्य गर्न हाल भइरहेको नीतिगत र कार्यगत व्यवस्थाबारे छलफल आयोजना गरेको थियो।

छलफलमा सहभागी अधिकांश सांसद तथा सरोकारवालाले नीति बने पनि तिनको सही कार्यान्वयन नभएको बताए।

कांग्रेसका सांसद हिक्मत विष्टले विवाह गर्ने उमेर २० बाट १८ वर्षमा झार्नुपर्ने बताए। '२० वर्ष उमेरमा मात्रै विवाह गर्ने नीतिगत व्यवस्थाले धेरैलाई अपराधी बनाउने अवस्था आउँछ,' उनले भने, 'त्यसो हुँदा विवाह गर्ने उमेर १८ मा झार्नुपर्छ।'

सांसद कृष्णबहादुर जिसीले सबैभन्दा पहिला परिवारका अभिभावकलाई जिम्मेवार बनाइएको खण्डमा मात्रै बालविवाह न्यूनीकरण हुने बताए।

अर्का सांसद कलबहादुर हमालले बालविवाह र त्यसले पार्ने प्रभावका विषयमा विद्यालयका पाठ्यपुस्तकमै राख्नुपर्नेमा जोड दिए।

सांसद वीरबहादुर शाहीले कर्णालीमा बालविवाह न्यूनीकरण गर्ने उद्देश्यसहित तत्कालीन सरकारले 'बैंक खाता छोरीको, सुरक्षा जीवनभरिको' जस्ता कार्यक्रम ल्याएको बताए। तर ती महत्त्वपूर्ण मानिएका कार्यक्रम अहिले अलपत्र परेको उनको भनाइ थियो। प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले बालविवाह न्यूनीकरण गर्न सचेतना आवश्यक रहेको बताए। 'हामीले अब त्यस्ता सामग्री डिजिटल तरिकाले प्रसारण गर्नुपर्ने छ,' उनले भने, 'सरकार त्यसका लागिराखेको पनि छ।'

प्रदेश सभाका सभामुख नन्दा गुरुङले संविधानले प्रत्येक बालबालिकालाई सुरक्षित, सम्मानित र अवसरयुक्त जीवन बाँच्ने मौलिक अधिकार सुनिश्चित गरे पनि व्यवहारमा बालबालिकाको अवस्थामा अपेक्षाकृत सुधार आउन नसकेको बताइन्।

'बालबालिकाको शिक्षा, स्वास्थ्य र हुर्काइमा अहिले पनि थुप्रै समस्या देखिएका छन्,' उनले भनिन्, 'बालविवाहको रोकथाम तथा न्यायमा पहुँचको लागि राज्यको क्रियाशीलता थप बढाउनुपर्ने देखिन्छ।'

उनका बुझाइमा बालविवाहले बालबालिकाको आधारभूत अधिकार मात्रै हनन गरेको छैन, लैङ्गिक विभेदलाई समेत प्रोत्साहन गरेको छ।

'उमेर नपुगी हुने गैरकानुनी विवाहपछि जन्मिएका बालबच्चाको समेत जन्मदर्ता नबन्ने हुँदा उनीहरूले राज्यबाट पाउनुपर्ने अधिकार एवं शिक्षा, स्वास्थ्यलगायत सेवा-सुविधाबाट समेत वञ्चित हुनुपर्ने अवस्था रहिआएको छ,' उनले भनिन्।

छलफल कार्यक्रममा कर्णाली प्रदेश सभाका उपसभामुख यशोदा न्यौपानेले मानवअधिकार भन्नाले केवल बाँच्न पाउने अधिकार मात्र नभएको बताइन्। उनले भनिन्, 'मानवअधिकार भनेको प्रत्येक व्यक्तिले मर्यादित, सम्मानित, सुरक्षित तथा गुणस्तरीय जीवन जिउन पाउने अधिकार हो।'

यसभित्र शिक्षा, स्वास्थ्य, समानता, स्वतन्त्रता, सम्मान, सुरक्षा, अवसर तथा व्यक्तित्व विकासका अधिकारहरू समेटिने उनको भनाइ थियो। 'हाम्रो देशमा यावत् कारण यी सबै कुराको प्रत्याभूति जनतामा हुन सकिरहेको अवस्था छैन,' उनले भनिन्, 'जसका कारण बालविवाह मानवअधिकारको गम्भीर उल्लङ्घनको रूपमा स्थापित भएको छ।'

उपसभामुख न्यौपानेका अनुसार, कर्णालीमा सामाजिक, आर्थिक तथा परम्परागत कारणले बालविवाह चुनौतीका रूपमा विद्यमान छ। 'यहाँका दुर्गम क्षेत्र, अशिक्षा, गरिबी तथा चेतनाको अभावले यो समस्या अझ जटिल बनेको छ,' उनले भनिन्, 'यसको अन्त्यका लागि कानुनी कार्यान्वयनसँगै शिक्षा, जनचेतना, महिला सशक्तीकरण तथा सामुदायिक सहभागिता अपरिहार्य छ।' *(रातोपाटी)*

# स्वास्थ्य बीमा बोर्डद्वारा 'सुविधा थैली' को दररेटमा परिवर्तन




**युग संवाददाता**
**काठमाडौं, १३ जेठ ।**

स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य उपचारका लागि 'सुविधा थैली' को दररेट परिवर्तन गरेको छ। स्वास्थ्य बीमा लागू भएपछि पहिलो पटक बोर्डले औषधि, औषधिजन्य सामग्री, स्वास्थ्य सेवा, शल्यक्रिया तथा प्रयोगशालको परीक्षणको सुविधा थैली दररेट परिवर्तन गरेको हो।

बोर्डका कार्यकारी निर्देशक शकुन्तला प्रजापतिले सबै सेवा प्रदायक स्वास्थ्य संस्थालाई परिमार्जित नयाँ दरअनुसार औषधी, औषधिजन्य सामग्री, स्वास्थ्य सेवा, शल्यक्रिया तथा प्रयोगशालको परीक्षण शुल्क लिन निर्देशन दिएको बताए।

उक्त नयाँ सुविधा थैलीको दररेठ यही जेठ १६ गतेदेखि लागू हुनेछ। उनले बोर्डले विगत १० वर्षदेखिको दाबी, सेवा उपभोगसम्बन्धी तथ्याङ्क विभिन्न स्वास्थ्य संस्थाबाट प्राप्त दररेट, चिकित्सकीय सान्दर्भिकता, लागत प्रभावकारिता रोगभार तथा स्वास्थ्य प्रणालीको वित्तीय दिगोपनलाई आधार बनाएर सुविधा थैली परिवर्तन गरिएको बताए।

सूचना अधिकारी विकेश मल्लले स्वास्थ्य बोर्डको वित्तीय अवस्था, दायित्व स्वास्थ्य सेवा उपयोगको दर हेरेर दररेट निर्धारण गरिएको बताए। उनले बोर्डमा पर्ने आर्थिक चाप घटाउनका लागि सुविधा थैलीको दररेट परिमार्जन गरको बताए।

नयाँ दररेटअनुसार औषधिको औषधी व्यवस्था विभाग, प्रयोगशाला परीक्षणको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला र स्वास्थ्य सेवाको सरकारी अस्पताललाई आधारमा मानेर तोकिएको उनको भनाइ छ। नयाँ सुविधा थैलीमा आमा सुरक्षा कार्यक्रम, जस्ता दोहोरिएका कार्यक्रमलाई हटाइएको उनले बताए। "स्वास्थ्य उपचार सेवा न्यून दररेट कामय गरेर सुविधा थैली बनाएको हो," उनले भने, "प्रयोग नहुने औषधीलाई हटाइएको छ।"

सूचना अधिकारी मल्लले अहिले एक हजार १७० प्रकारका औषधी मात्र बोर्डबाट उपलब्ध हुने गरी बीमितले पाउने बताए। यसअघि बोर्डले एक हजार २८९ प्रकारका औषधी उपलब्ध गराउँदै आएको थियो।


**अनुसुची-१५**
**(दफा ३३ को उपदफा (२) सँग सम्बधिन्त)**

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको २१ दिने सूचना**

**(पहिलो पटक प्रकाशित मितिः २०८३/०२/१४)**

श्री एकता सामुदायिक वन उपभोक्ता समूह बराहताल गा.पा.-०५, ०८ सुर्खेतको सामुदायिक वनबाट २०८२/०८३ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको कार्य योजना बमोजिम सल्लाको आँख्ला कार्ययोजना बमोजिम (के.जी.)-४४१६०, सङ्कलन सहमति बमोजिम (के.जी.)-४४०००, लिलाम सहमति दिईएको बमोजिम (के.जी.)-४३८२९ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) औं दिनमा खरिद गरी २२ (बाइस) औं दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री एकता सामुदायिक वन उपभोक्ता समूह बराहताल गा.पा.-०५, ०८, सुर्खेत श्री लेखगाँउ सव-डिभिजन वन कार्यालय भेरी, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री एकता सामुदायिक वन उपभोक्ता समूह**
**बराहताल गा.पा.-०५, ०८, सुर्खेत।**


# मन्त्रीपरिषद् बैठकले गऱ्यो विभिन्न ६ निर्णय



**युग संवाददाता**
**सुर्खेत, १३ जेठ ।**

कर्णाली प्रदेश सरकारको मन्त्रीपरिषद् बैठकले विभिन्न ६ निर्णय गरेको छ। बुधवार बिहान बसेको बैठकले कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (चौथो संशोधन) नियमावली-२०८३ स्वीकृत गर्ने निर्णय गरेको छ।

त्यस्तै कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको पदमा प्रदेश सचिव लक्ष्मीकुमार विकलाई कामकाजमा खटाउने, योगदानमा आधारित निवृत्तिभरण कोष स्थापना तथा सञ्चालन सम्बन्धी विधेयक तर्जुमाको अवधारणापत्र उपर सैद्धान्तिक स्वीकृति गर्ने निर्णय पनि बैठकले गरेको छ।

# मुगुको एकमात्र आवासीय विद्यालयको बेहाल : टहरामा कष्टकर पढाइ

**युग संवाददाता**
**मुगु, १३ जेठ ।**

मुगुको सोरु गाउँपालिका-७ की बालसुन्दरी विष्ट मात्र होइन, त्यहाँका अधिकांश विद्यार्थी उपयुक्त कोठा नहुँदा टहरामा पढ्न बाध्य छन्। गाउँपालिकामा रहेको एकमात्र 'आवासीय विद्यालय' मा आवश्यक भौतिक पूर्वाधार (कक्षाकोठा) नहुँदा विद्यार्थीहरू कष्टकर रूपमा जस्ताको टहरोमा बसेर पढ्न थालेको वर्षौं भयो।

प्राथमिक तहमा सामान्य कक्षाकोठा भए पनि निमाविदेखि माविसम्मका विद्यार्थीहरू जस्ताको टहरामा बसेर पढ्न बाध्य भएका हुन्। कक्षाकोठाको अभावले गर्दा विद्यार्थीलाई जस्ताको टहरोभित्र बसालेर पढाउनुपरेको प्रधानाध्यापक रत्नराज चौलागाईले बताए।

ाबिह्ऋ कगलचष्कभ दबलप

दुर्गम बस्तीका, सहरमा गएर पढ्न नसक्ने गरिब तथा जेहेन्दार विद्यार्थीलाई शिक्षा प्रदान गर्ने उद्देश्यले यो आवासीय विद्यालय सञ्चालन गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छक्कबहादुर विष्टले जानकारी दिए।

अभिभावक वर्ग, नागरिक अगुवा र वडा सदस्यले सोरु गाउँपालिका, कर्णाली प्रदेश सरकार र सङ्घीय सरकारको शिक्षा मन्त्रालयसँग तत्काल बजेट व्यवस्था गरी विद्यालयमा भवन र सुरक्षित कक्षाकोठा निर्माण गरिदिन माग गरे पनि अहिलेसम्म कतैबाट सुनुवाइ हुन सकेको छैन।

उक्त आवासीय माविमा बुम्च, ख्याल्च, सिरुपाट, गोइलपानी, पारपानी र तारापानी लगायतका दुर्गम बस्तीहरूबाट विद्यार्थीहरू पढ्न आउने गरेका छन्।

## राप्ती...

नै अलग हुने अवस्था अन्त्य हुने अपेक्षा गरेका छौं," उनले भनिन्।

नेपाली कांग्रेस बाँके क्षेत्र नं. १ का सभापति पोषण केसी को पहलमा पुल निर्माण प्रक्रिया अघि बढाइएको जनाइएको छ। पुलका लागि आवश्यक प्राविधिक सर्वेक्षणसमेत सम्पन्न भइसकेको छ। ललितपुरस्थित सस्पेन्सन पुल विभागबाट इन्जिनियर कैलाश मोक्तान नेतृत्वको प्राविधिक टोलीले विस्तृत सर्वेक्षण गरेको हो। सर्वेक्षण सम्पन्न भएसँगै स्थानीयमा पुल निर्माणप्रति उत्साह थपिएको छ।

स्थानीयवासीका अनुसार पुल निर्माण सम्पन्न भएपछि दुई पालिकाबीच आवागमन सहज हुनुका साथै विद्यार्थीको शिक्षामा पहुँच बढ्ने, बिरामीलाई समयमा उपचारका लागि अस्पताल पुऱ्याउन सहज हुने तथा कृषि उत्पादन बजारसम्म ढुवानी गर्न सुविधा पुग्ने अपेक्षा गरिएको छ। स्थानीयले वर्षौंदेखिको जोखिमपूर्ण डुंगा यात्रा अन्त्य हुने विश्वाससहित पुल निर्माणलाई क्षेत्रीय विकास र जनजीवन सहज बनाउने महत्वपूर्ण पूर्वाधारका रूपमा लिएका छन्।

## यस्तो...

दिन सकेको छैन।

सुर्खेत मेडिकल कलेज स्थापना भएको खण्डमा वार्षिक सुरुका पाँच वर्षसम्म एक सय चिकित्सक तथा ८० नर्सिङ जनशक्ति उत्पादन हुने जनाइएको थियो। कलेज स्थापना भएसँगै कर्णालीमा रोजगारीको अवसर सिर्जना हुने, विपन्न व्यक्तिले सहज र सुलभ स्वास्थ्य सेवासँगै शिक्षा प्राप्त गर्न सक्ने गरी ६ सय बेडको अस्पताल निर्माण गर्ने संघीय सरकारको योजना अन्ततः तुहिने निश्चित बनेको छ।

सुर्खेत मेडिकल कलेज स्थापनाको चर्चा चलेसँगै कमजोर कर्णालीको स्वास्थ्य पूर्वाधार र जनशक्ति अभावबीचको खाडल पुर्ने अपेक्षा यहाँका नागरिकले गरेका थिए। तर, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको बहुमत सरकारले कर्णालीका लागि रणनैतिक महत्व बन्न सक्ने आयोजनालाई अघि बढाउनुको साटो खारेज गर्ने प्रक्रिया थालेको छ। यसअघिका सरकार हरुले पर्याप्त बजेट नदिदा अघि नबढेको आयोजनाको महत्व नबुझि खारेज गर्न लागिएको कर्णालीका नागरिकको बुझाई छ।


**सुन्दर नेपाल संस्था**
**पोषण परियोजना**
**वीरेन्द्रनगर-०८, सुर्खेत**

**शिलबन्दी दरभाउपत्र मागको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१४)**

सुन्दर नेपाल संस्था (BNA), सामुदायिक विकासमा क्रियाशील एक मुनाफारहित गैह्र सरकारी संस्था हो। CARE Nepal र iDE Nepal को संयुक्त साझेदारीमा सुन्दर नेपाल संस्थाको सहजीकरणमा संचालित पोषण परीयोजना सुर्खेत जिल्लाको ५ वटा पालिका (वीरेन्द्रनगर, वराहताल, लेकवेशी, गुर्भाकोट र भेरीगंगा)मा संचालन भएको छ। तल उल्लेखित सामाग्री आपुर्तिगर्न इच्छुक आपूर्तिकर्ता मुल्य अभिबृद्धि कर (भ्याट)मा दर्ता भएका उत्पादक, अधिकृत बिक्रेता तथा वितरकहरुबाट यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपशिलको शर्तहरुको अधिनमा रहि आपूर्तिकर्ताले गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ। तोकिएको मिति र समयमा प्राप्त शिलबन्दी दरभाउपत्रलाई मात्र छनौट प्रक्रियामा समावेश गरिनेछ। म्याद नाघी आएका ,रीत पुरा नभएका दरभाउपत्रलाई प्रक्रियामा समावेश गरिनेछैन। शिलबन्दी दरभाउपत्रमा उल्लेखित समामग्रीहरु आंशिक रुपमा पनि खरिद गर्न सकिने छ।

**शर्तहरु :**

१. शिलबन्दी दरभाउपत्रको फारम सुन्दर नेपाल संस्थाको कार्यालयबाट वा संस्थाको वेवसाइट www.sundernepal.org.np बाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिने छ।
२. शिलबन्दी दरभाउपत्र फारमका साथ उधोग रफर्म दर्ताको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र चालु आ.व.को कर चुक्ता वा म्याद थप पेश गरी शिलबन्दी दरभाउपत्र खाम बाहिर दरभाउपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिबार्य हुनुपर्नेछ।
३. शिलबन्दी दरभाउपत्र फारम खाम बन्द गरी लाहा छापले शिलबन्दी गरिएको हुनुपर्नेछ, अन्यथा उक्त दरभाउपत्र दर्ता गर्न संस्था बाध्ये हुने छैन।
४. शिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम मितिको भोलिल्ट १ बजे सुन्दर नेपाल संस्थाको खरीद समिती र दरभाउपत्र दाता स्वंयम वा निजको प्रतिनिधिको उपस्थितिमा यस सुन्दर नेपाल संस्था को कार्यालयमा दरभाउपत्र खोलिनेछ। यदि दरभाउपत्र दाता स्वंयम वा निजको प्रतिनिधिको उपस्थिति हुन नसकेको खण्डमा पनि दरभाउपत्र खोलिनेछ। तर सो दिन सार्बजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन दरभाउपत्र खोलिने छ।
५. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने वा नगर्ने अधिकार सुन्दर नेपाल संस्थामा निहित हुनेछ।
६. यस बाहेक थपजानकारी आबश्यक परेमा तल उल्लेखित कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।
७. सामाग्रीहरुको मापदण्ड तथा गुणस्तर चेकजांच गरेपछि मात्र भुक्तानी प्रक्रियामा बढाइने छ।

**आवश्यक सामाग्रीहरुः**

(क) १. बेसार सफा गर्ने मेसिन
२. बेसार काट्ने मेसिन
३. बेसार पिस्ने मेसिन
(ख) १. सालको पातको दूना थाली बनाउने मेसिन
२. सांचो (डाइ)
(ग) १. जस्ता पाता
२. फलामे छड

माथि उल्लेखित सामाग्रीहरु क, ख र ग मध्य व्यवसायिक आधारमा कुनै १ वा सबैको कोटेशन हाल्न सकिनेछ।
फाराम बुझाउने अन्तिम मिति २०८३।०२।२० गते ५ बजेसम्म हुनेछ।

**शिलबन्दी बोलपत्र पेश गर्ने ठेगाना/स्थान :**
**सुन्दर नेपाल संस्थाको कार्यालय**
**आवास क्षेत्र सुर्खेत, फोन नं ०८३-५२०९२६, ०८३-५२३५३०**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
ह.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# बुलबुलेमा बाढी तथा डुवान सम्बन्धि कृत्रिम घटना अभ्यास

**युग संवाददाता**
**सुर्खेत, १३ जेठ ।**

वीरेन्द्रनगरमा विपद् जोखिम न्यूनिकरण तथा रोकथाम सम्बन्धि कृतिम घटना अभ्यास गरिएको छ। बुधबार विपद् जोखिम न्यूनिकरण तथा रोकथामका लागि बाढी तथा डुबान सम्बन्धि कृतिम घटना अभ्यास गरिएको हो।

मनसुन नजिकिएसँगै वीरेन्द्रनगरमा जलवायुजन्य प्रकोपबाट आउन सक्ने बाढी र ढुवानको जोखिममा परेकाहरुको उद्दार गर्न कृतिम घटना अभ्यास गरिएको हो। वीरेन्द्रनगर जलवायुजन्य प्रकोपको बहुजोखिममा रहेकाले सम्भावित क्षेत्रमा विपद् आइहाले समयमै प्रतिकार्य गर्नसक्ने जनशक्ति तयार गर्ने उद्देश्यले कृतिम घटना अभ्यास गरिएको जनाइएको छ।

युएनडिपी, युएन युमन, ह्याण्डिक्याप इन्टरनेशलको आर्थिक तथा प्राविधिक सहयोग, सुन्दर नेपाल संस्थाको स्थानीय सहजिकरण र वीरेन्द्रनगर नगरपालिकाको समन्वयमा सञ्चालिन शहरी विपद् तथा भुकम्पिय पूर्व तयारी (सुपुर-२) परियोजना अन्तर्गत विपद्पछिको प्रतिकार्य र उद्दार सम्बन्धि कृतिम अभ्यास गरिएको हो।

वीरेन्द्रनगर-१० स्थित बुलबुले तालामा गरिएको कृतिम अभ्यासमा सशस्त्र प्रहरी बल नेपाल र वीरेन्द्रनगर नगरपालिकाका नगर प्रहरीको सहभागिता थियो। उनीहरुले बाढी र ढुवानमा परेका मानिसहरुको उद्दार गरी सुरक्षित स्थान वा स्वास्थ्य संस्थासम्म लैजान अपनाइने प्राविधिक विषयमा अभ्यास गरेका थिए। उक्त अभ्यासको अवलोकन स्थानीय र विद्यार्थीले गरेका थिए।

# जापान सरकारको सहयोगमा जाजरकोटमा बन्यो विद्यालयको नयाँ भवन


**युग संवाददाता**
**जाजरकोट, १३ जेठ ।**

जापान सरकारको सहयोगमा जाजरकोट जिल्लास्थित श्री भेरी त्रिवेणी माध्यमिक विद्यालयका लागि निर्माण गरिएको नयाँ कक्षाकोठा भवन बुधबार एक औपचारिक कार्यक्रमबिच हस्तान्तरण गरिएको छ।

नेपालका लागि जापानी दूतावासका उप-प्रमुख शिन्तो यासुहारुको उपस्थितिमा सो भवन विद्यालयलाई हस्तान्तरण गरिएको हो।

जापान सरकारको ग्रासरुट्स ह्युमन सेक्युरिटी प्रोजेक्ट्स (जीजीपी) अन्तर्गत जाजरकोट जिल्लाको श्री भेरी त्रिवेणी माध्यमिक विद्यालयको कक्षाकोठा पुनर्निर्माण परियोजनाका लागि १ लाख ७० हजार १५९ अमेरिकी डलर अर्थात् करिब २ करोड २७ लाख नेपाली रुपैयाँ बराबरको अनुदान सहयोग उपलब्ध गराइएको थियो। भवन हस्तान्तरण समारोहमा उप-प्रमुख शिन्तोले परियोजनामा आबद्ध सबैलाई बधाई तथा धन्यवाद ज्ञापन गर्दै नयाँ भवनको निर्माणसँगै अब विद्यार्थीहरूले सुरक्षित र उपयुक्त शैक्षिक वातावरणमा सिक्ने अवसर पाउने विश्वास व्यक्त गरे।

## घुयँत्रो



ऐले देशमा दुई तिहाइको नयाँ दल, जेनजी दलको सरकारछ।यो सरकार ल्याउन सुर्खेती जनताले मरिमेटि सहयोग गरेका हुन तर पनि सरकारलाई के चित्त बुझ्केन कुन्नि विगत १ मैनादेखि सुर्खेतमा बत्ति छैन। त्यसो त कर्नालिको राजधानी वीरेन्द्र नगराँ पानी पनि छैन। १ मैना अघि आको हावा हुरीले २ वटा पोल फालेको भनेर सामाजिक सन्जालाँ हुरीले ढालेका पोलको फोटो आकोआई छ। तर ती पोल बन्छन कि बन्दैनन् ? बन्छन भने कैले बन्छन ? यसको जवाफ न बत्ती दिने सरकारी अफिसले दिन्छ न आँफुलाईगणतन्त्रे सिंहदरबारभै खाको गाउँघरको सिंह दरबार मुख्यमन्त्री कार्यालयले दिन्छ। त्यसो त कर्नालिका यी गाउँघरमा आउने गरेका विजुलि यसअधिका सरकार हुँदानि महिनौं जान्थे विजुलि नभएनि त्यसको शुल्क र हर्जाना तिरेकै हो।बत्ति नभएनि बत्तिको पैशा तिर्नु पर्ने पीडाबाट मुक्ति पाईलाकि भनेर जनताले नयाँ पाटिलाई रोजे र नयाँ सरकार ल्याए त्यो पनि सामान्य वहुमतको हो र दुई तिहाईको। पुराना दल र तिनका नेता गलत भए भनेर त नयँदल नयाँ सरकार ल्याए भने अँझै पनि पुरानै दलको तरिकाले चल्ने हो र हिजोको कार्य प्रणालीमा सुधार नआउने हने भने सत्तासिन दलले हामी परिवर्तन गरेर छोडछम् भनेर किन डिङ हाँक्ने तनि ! यौटा जाबो बिजुलिको पोल फेर्न २ मैना लाग्ने हो भने यो सरकारले जनतालाई समृद्धि दिन्छ कसरी अनि विकासले फडको मार्छ कसरी? कुरैले मनर्ने भए त हिजोका दलले नि कुराले फाँडन काँ बाँकि राखे र ? कुराले त हिजो वलिले नि नारायणीमा पानी जहाज चलाएकै हुन,कुस्मासम्म रेल पुर्याएकै हुन ,घरघरमा ग्याँस पाईप पुर्याई दे कै कारण ऐले ईरान इराक र अमेरिकावीच युध्द चल्दा आधासिलिण्डर ग्याँसले नेपालिले दालभात पकाएर खा कै छन। यौटा जावो विजुलिको पोल ठड्याउन २ मैना लगाउने सरकारले पुराना दलले बेचेका भृकुटी कागज कारखानदेखि धागो कारखानाहुँदै जुटमिल र रबर उद्योग जस्ता ३०/३५ वटा उद्योग चलाउँछम् भनेर जनतालाई गफ दिने अनि हाम्ले यिनरका तिनै गफ पत्याएर " बालेन सरकार हाई हाई अरुपाटि वाईवाई " भनेर नारा लाई दिनु पर्ने हैन्त ! यौटा जाबो हर्क साम्पाङ भन्नेले सदनलाई दैनिक अस्थिर बनाएर सदनका काम कार्वाहि सुचारु हुन नदिँदा उल्लाई ठेगान लाउन नसक्ने सरकारले अरु के गर्न सक्ला जनताले सदन र सरकार दुबैको हुति हेरि सकेका छन। देशभित्र गरेका यिनरका गतपविधिले जनता पुराना दलबाट भन्दा जेनजी र त्यसको बालेन सरकार बाट अघाई सकेका छन। अब बाँकी मित्र राष्टसित यिनरको काम गराई र बोलाई कस्तो हुन्छ अनि छिमेकिले यिनलाई कसरी व्यवहार गर्छन त्यत्ति मात्र हेर्न बाँकि छ नत्र सरकार बनेको सय दिनमा के के गरे ती गराई जनताकै निम्ति थिएकि विपक्षि र पुराना दलसित बदला लिन गरियाथे जनताले बुझि सक्याछन। त्यसैले कुनै दिन यी जनतानि पुरानै दलका हुन त्यसैले यिनका लागि किन काम गर्ने भनेर आएभने त्यसमा अनौठो मान्नु पर्ने केही छैन। हाम्रालागि यी दल आउन कि उ दल आउन " बेल पाक्यो कौवालाई हर्ष न विस्मात् " भन्या जस्तै हो। ब्यान बेल्का हातमुख जोर्ने सामान किन्न हिजो भन्दा सयदेखि २ सय प्रतिसत महंगो पैशा तिर्नु पर्छ। रोजगारी न हिजो पाईन्थ्यो न आज पाईन्छ। विदेश जानेको लर्को हिजो जस्तोथ्यो आज त्यस्तैछ। परिवर्तन भन्या त दुख्खलाई सुख्खमा परिणत गर्ने होला तर ह्याँ त हिजोभन्दा आज झनझन् कष्ट छ। शासकका नाम मात्र बदलिएका छन काम उहिछन। अब त ५ बर्ष विताउननि ५० बर्ष विताए जस्तो हुने होला। "यौटा निरंकुश र अधिनायकवादि जन्मिननि लोकप्रियतानै चाहिन्छ" भन्या यै त होला। जस्का अकाट्य उदाहरण रबि र बालेन नै हुन। ५ बर्षे नेपाली राजगद्दी यीनरलाई मुवारक होस।

# जुम्लामा कानुन र मानविकी संकाय थप्ने अन्तिम तयारी

**गोल्डेन बुढा**
**जुम्ला, १३ जेठ ।**

कर्णालीका हजारौं विद्यार्थीका लागि उच्च शिक्षा अझै अवसरभन्दा बढी संघर्षको विषय बनेको छ। विद्यालय शिक्षा पूरा गरेपछि अधिकांश विद्यार्थी सुर्खेत, नेपालगञ्ज र काठमाडौंतिर लाग्न बाध्य छन्। आर्थिक अभाव, बसाइँको समस्या र पहुँचको कठिनाइबीच धेरैले पढाइ नै बीचमै छाड्ने गरेका छन्।

यही समस्याकाबीच जुम्लामा नयाँ शैक्षिक संकाय थप्ने विषयले आशा जगाएको छ।त्रिभुवन विश्व विद्यालयको अध्ययन टोली यतिबेला जुम्लामा सम्भाव्यता अध्ययनमा जुटेको छ। त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायका सहायक डिन डाक्टर बामदेव अधिकारी, अर्थशास्त्र विभागका प्रमुख प्राध्यापक डाक्टर रामप्रसाद ज्ञवालीसहितको टोलीले जुम्ला बहुमुखी क्याम्पसको भौतिक पूर्वाधार, जनशक्ति, विद्यार्थी चाप र नयाँ कार्यक्रम सञ्चालनको अवस्थाबारे अध्ययन गरिरहेको हो।

टोलीले क्याम्पस प्रशासन, स्थानीय तह, नागरिक समाज तथा सरोकारवालासँग छलफलसमेत गरेको छ। जुम्ला बहुमुखी क्याम्पसले आयोजना गरेको छलफल कार्यक्रममा जिल्लाबाट कानुन संकाय, मानविकी तथा सामाजिक शास्त्र संकाय तथा आमसञ्चार र पत्रकारिता विषय सञ्चालन गर्नुपर्ने माग जोडदार रूपमा उठाइएको छ।

सहभागीहरूले कर्णालीमा उच्च शिक्षाको अवसर सीमित हुँदा विद्यार्थी पलायन तीव्र बनेको बताएका छन्। कर्णालीमा शिक्षा अझै पहुँचको अधिकार बन्न नसकेको स्थानीयको गुनासो छ। आर्थिक अवस्था कमजोर भएका कारण धेरै विद्यार्थी जिल्ला बाहिर गएर पढ्न नसक्ने अवस्था रहेको भन्दै जुम्लामै गुणस्तरीय शैक्षिक कार्यक्रम विस्तार गर्नुपर्ने माग उनीहरूको छ।

## मानव...

आगामी दिनहरुमा आयोगले खेल्नुपर्ने भूमिकाबारे धारणा राखेका थिए। उनीहरुले मानव अधिकार संरक्षण र सम्वर्धनमा आयोग प्रतिवद्ध रहेको बताउँदै सामुहिक पहलबाट मात्र मानव अधिकारको संरक्षण हुने बताएका थिए।

वार्षिकोत्सवको अवसरमा आयोगले सम्पादन गरेका कार्य सन्तोषजनक रहेको र आगामी दिनमा आयोगले अझ प्रभावकारीरुपमा काम गर्नुपर्ने सुझावसमेत सहभागिहरुले दिएका थिए।

आयोगको कर्णाली प्रदेश कार्यालयका प्रमुख रमेश कुमार थापाले यस आर्थिक वर्षमा सम्पन्न कार्यहरुको बारेमा जानकारी गराएका थिए। उक्त कार्यक्रममा कर्णाली प्रदेशका विभिन्न मन्त्रालयहरु,सुर्खेत जिल्लास्थित विभिन्न सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न पेसागत महासंघका प्रमुख तथा प्रतिनिधिहरु, कानुन व्यवसायी, मानव अधिकारकर्मी, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, अन्तराष्ट्रिय गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, विकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, सञ्चारकर्मीहरु लगायत आयोगका कर्मचारीहरुको सहभागिता थियो। उक्त कार्यक्रममा मानव अधिकार अधिकृत राजेन्द्र प्रसाद न्यौपानेले सहभागिहरुलाई स्वागत एवं कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए।

**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

**सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो। निवार्य राखौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई

**RARA Printing Pvt.Ltd.**
**रारा प्रिन्टीङ्ग प्रा.लि.**

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)





Book & Copy Printing



Packaging Box Printing



Wedding Card Printing



Stamp



Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।